नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : ०७६/०७७
च.नं. : २५(APMS)

मिति : २०७६।११।११

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिहंदरवार, काठमाण्डौ ।

स्थानीय
दर्ता नं.:- ११३३०
मितिः-२०७६।११।१२

विषय : "उखु कृषकलाई अनुदान दिने सम्वन्धी कार्यविधि (संसोधन सहित), २०७५" कार्यान्वयन सहजिकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा नेपालमा उखु उत्पादन गरी चिनी मिलहरुलाई विक्री गर्ने उखु कृषकहरुलाई अनुदान उपलब्ध गराउनको लागी "उखु कृषकलाई अनुदान दिने सम्वन्धी कार्यविधि (संसोधन सहित), २०७५" बमोजिम सम्बन्धित स्थानीय तहको प्रत्यक्ष भूमिका रहेको सन्दर्भमा आवश्यक सहजीकरणको लागि यस मन्त्रालयको प.सं. ०७६।०७७ च.नं. २३(APMS) मिति २०७६।०८।०३ को पत्रमार्फत सम्बन्धित कार्यविधिको छायाँ प्रति सहित अनुरोध भैसकेको व्यहोरा यहाँलाई अवगत नै छ।

उक्त कार्यविधिको दफा ५ को उपदफा १(ख) मा व्यवस्था भए अनुसार आर्थिक वर्ष २०७६।०७७ सम्मको उखु उत्पादन सिजनका लागि चिनी मिलले अन्य प्रावधानहरुको अतिरिक्त सोही उपदफाको खण्ड (क) वा खण्ड (ख) बमोजिम नेपाली कृषकको पहिचान खुल्ने कागजात पेश गर्न नसकेको खण्डमा खण्ड (ग) मा व्यवस्था भएअनुसार सम्वन्धित स्थानीय तहले सम्बन्धित कृषकको उखु खेती गरेको जग्गाको क्षेत्रफल, जग्गाको कित्ता नम्वर वा चारकिल्ला र उत्पादन परिमाण खुलाएको सिफारिस उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।

यसै अनुसार अनुदान रकम उपलब्ध गराउने क्रममा सम्बन्धित स्थानीय तहहरुबाट नेपाली कृषकको पहिचान खुल्ने कागजात सहज तवरले उपलब्ध गराइदिनुको साथै सोको लागि लाग्ने सिफारिश शुल्क समेत छुट हुने व्यवस्थाको लागि सम्बन्धित जिल्लाका जिल्लास्तरीय भुक्तानी समिती र कृषकहरुबाट अनुरोध भएकोले सोही अनुसार चिनी मिल संचालनमा रहेका कन्चनपुर, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), वारा, सर्लाही, महोत्तरी, सिराहा, सुनसरी र रौतहट जिल्लाका स्थानीय तहहरुलाई आवश्यक सहजिकरणको लागि अनुरोध गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

भोजराज सापकोटा
वरिष्ठ वाली विकास अधिकृत

सादर अवगतार्थ
माननीय मन्त्रीज्यू, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्रीमान् सचिवज्यू, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

वोधार्थ
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री कृषि विभाग, हरिहरभवन, ललितपुर ।
श्री जिल्ला प्रशासन कार्यालय, कन्चनपुर/ नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)/ वारा /सर्लाही /महोत्तरी /सिराहा / सुनसरी /रौतहट ।

ईमेल: info@moald.gov.np, वेवसाईट: www.moald.gov.np

